चिलिमे : सत्य, तथ्य र यथार्थ

सुवास आचार्य

> स्थानीय स्रोतमाथिको अधिकार अर्थात् 'स्रोताधिकार' स्थापना गरेर यो क्षेत्रमा पनि नमुना बन्ने सुझाव दियौं तर यसको गलत बुझाई हुन गयो । हामी चिलिमेसँगको विजय सँगसँगै स्थानीय सौतमाथि स्थानीय अधिकारको नजिर स्थापित गर्न चाहन्छौं । यो विजयका साथसाथै कालान्तरसम्म कसैले पनि फेरि हामीले जस्तै माफियाहरू विरूद्ध अधिकार लागि संघर्ष गर्नु नपरोस् ।

पृष्ठभूमि:

विपन्न देशको सफलतम् नमुना भनिएको चिलिमे जलविद्युत योजनाको स्थापना कालदेखि हालसम्मका वास्तविकतामा केही अपवादबाहेक हरेक अर्थमा प्रशंसनीय, अनुकरणीय, उदाहरणीय र प्रेरणाप्रद छ भन्नुमा कुनै विमति छैन र यसका लागि सम्बन्धित सबै प्रशंसा र धन्यवादका पात्र छन् । चिलिमेले पहिलोपटक स्वदेशी पुँजी र प्राविधिक प्रयोग गरेर २० मेगावाट क्षमताको विद्युत उत्पादन गर्न सफल भएको छ । यी विविध नमुनाका साथै चिलिमे नकारात्मक पृष्ठमा पनि नमुना बन्ने प्रयत्न बन्नु आफैमा दुःखद प्रसङ्ग हो । विकट हिमाली दुर्गम जिल्ला रसुवावासी लाई प्रभावित जिल्लावासीका हैसियतले सर्वसाधारणका नाममा कम्पनीले जारी गर्ने शेयरको ३३ प्रतिशत शेयर आरक्षण गरेर जिल्लावासीको स्रोतको हिस्सेदार बनाउन विगत दुई वर्षजतिको संघर्षबाट करिबन २ % शेयर उपलब्ध हुने बाहेकका केही ठोस उपलब्धी हासिल हुन नसके पछि दुर्गम नेपाल अहिले न्यायका लागि सम्मानित सर्वोच्च अदालतको ढोका ढक्ढकाईरहेको छ । चिलिमे जलविद्युत योजना लगायत सम्बद्ध निकायको दुरदृष्टि र सदासयता हुदां दुर्गम जिल्ला रसुवाको कायापलट र सिंगो जिल्लानै गरिबिको निरपेक्ष रेखा भन्दा माथि उठ्न पुगि देश बिकाश कार्यमा गहकिलो योगदान र भबिश्यमा यसै क्रमले अन्य जिल्लाको समेत बिकाश हुदै जिल्ला जिल्लावासीको जिबनस्तरमा परिबर्तन र देश बिकाश कार्यमा दिगो योगदान पुग्ने निश्चितप्राय थियो ।

तर दुर्भाग्य, यसो हुन नसकि जिल्लावासीको स्थानिय स्रोत माथि केहि टाठा बाठाको रजाई र हालिमुहालि कायम रहि पुजिपति बर्गकै मात्र हित चिन्तन हुने कार्यले निरन्तरता पायो । बिबाद सर्वोच्च अदालतमा 'अन्तरिम आदेश' पश्चात बिचाराधिन अबस्थामा रहेको र यसमा दुर्गम नेपालका तर्फबाट बिद्धान अधिवक्ताद्धय डा. शंकरकुमार श्रेष्ठ तथा डा. भीमार्जुन आचार्य ले वकालत गरिरहेका छन् ।

विशेषत: विदेशीको आँखा जलस्रोतमा परिरहेको र देशमा दिनानुदिन उर्जा संकट र देश जलस्रोतमा विश्वकै दोस्रो धनी मुलुक रहेका कारण दुर्गम नेपालले स्रोतमाथिको स्थानीय अधिकार सुनिश्चितताको खाका कोर्दै गर्दा चिलिमे सुरूमै आइपुग्यो । यो संयोगमात्र हो । हामीले चिलिमेलाई सबै कुरामा तपाईहरू नमुना बन्नुभयो । स्थानीय स्रोतमाथिको अधिकार अर्थात् 'स्रोताधिकार' स्थापना गरेर यो क्षेत्रमा पनि नमुना बन्ने सुझाव दियौ तर यसको गलत बुझाई हुन गयो । दुर्गम नेपाल रसुवावासीलाई चिलिमेको शेयर मात्र भनेर साँघुरो सोचमा न्यायलयमा पुगेको छैन हामी चिलिमेसँगको विजय सँगसँगै स्थानीय सौतमाथि स्थानीय अधिकारको नजिर स्थापित गर्न चाहन्छौ । यो विजयका साथसाथै कालान्तरसम्म कसैले पनि फेरि हामीले जस्तै माफियाहरू विरूद्ध अधिकार लागि संघर्ष गर्नु नपरोस् । यो नजिर अन्तर्राष्ट्रिय रुपमा स्थापित हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । चिलिमे यो नजिर यात्राको भन्याङ्ग मात्र हो ।

दुर्गम नेपाल, चिलिमे जलविद्युत कम्पनी, राजनीतिक दल र स्थानीय संघसंस्थाका प्रतिनिधि सम्मिलित कार्यक्रमको दृश्य ।

हालैका बर्षमा चिलिमको दैनिक आम्दानि प्रतिदिन करिबन रू. १८ लाख देखिन आंउछ, तर १८ गा. बि. स. रहेको रसुवा जिल्लाबाशिका लागि कहि कतै १८ पैशाको हकदार बनाउने जमर्को भएन । गांउको दोभानमा रहेको एउटा पानि घट्टले त वरिपरिका २ -४ गा. बि. स. का बासिन्दालाई सक्दो सेवा सुबिधा दिएको हुन्छ, के भन्डै २२ मे.वा. बिद्युत उत्पादन गरिरहेको योजनाकार हरूमा यो बिबेक पलाएन ?

दुर्गम नेपाल (Remote Nepal) र संघर्ष

चिलिमे संघर्षको दौरानमा दुर्गम नेपालले स्थानीय स्रोतमाथि स्थानीय अधिकार स्थापना का लागि विशेष पहल गरेको छ र केही पक्षबाट जानअन्जानमा दुर्गम नेपाललाई गलत टीकाटिप्पणी गर्ने गरेको पाइन्छ । दुर्गम नेपाल जिल्ला प्रशासन रसुवा, समाज कल्याण परिषदमा विधिवत (दर्ता २०६४।१२।०१) दर्ता भएको सामाजिक, गैरराजनैतिक, गैरनाफामूलक संस्था हो ।

दुर्गम नेपाल अहिले रसुवा, नुवाकोटका बाफा जमीन, पहिरो, खेर गएका जमीनहरूमा सजिवन खेतीको कार्यक्रम सञ्चालनको तयारीमा छ । एउटा पनि सामुदायिक रेडियो नरहेको रसुवामा जन जागरण, चेतना अभिवृद्धि लगायतका लागि यही २०६७ भित्र औपचारिक प्रसारण गराउने गरी 'दुर्गम एफएम' सञ्चालन प्रक्रियामा लागि परेको छ ।

२०६४ माघ २२ गते डम्बरबहादुर नेपाली (प्रबन्ध सञ्चालक, चिजविक) सँग दुर्गम नेपालको नेतृत्वमा सर्वपक्षीय सम्मिलित छलफल भयो । यहाँबाट कुनै आश्वासन पाउन सकिएन । यसै परिवेशमा २०६४।१०।१६ मा दुर्गम नेपालबाट श्री जलस्रोत मन्त्रालय, श्री अर्थमन्त्रालयमा प्रेसित माग पत्रको बोधार्थमा स्पष्टका साथ 'त्यस मन्त्रालय अर्गत भविष्यमा नेपालका विभिन्न जिल्ला-जिल्लामा निर्माण हुने कुनै पनि योजना आयोजनामा स्थानीय स्रोतमाथि स्थानीय अधिकारको सुनिश्चितताका लागि नीति निर्माणको तहमा गम्भीर ध्यानाकर्षण हुने अपेक्षा भन्ने वाक्यांश लेखिएको छ । त्यस्तै मिति २०६४।१०।२२ मा दुर्गम नेपालबाट नेपाल धितोपत्र बोर्डमा प्रेसित पत्रमा 'भविष्यमा नेपालका विभिन्न जिल्ला जिल्लामा निर्माण हुने कुनै पनि योजना आयोजनामा स्थानीय स्रोतमाथिको स्थानीय हक अधिकारको सुनिश्चितताका लागि नीति निर्माणको तहमा गम्भीर ध्यानाकर्षण हुने अपेक्षाका साथ चिलिमे जलविद्युत निर्माण कार्य तथा प्रसारण लाईनलगायतका अन्य गतिविधिबाट समपूर्ण रसुवा जिल्लानै परोक्ष अपरोक्ष रूपमा प्रभावित क्षेत्र भएकाले प्रभावित रसुवा जिल्लावासीका नाममा सर्वसाधारणका नाममा जाने शेयरमध्येबाट ३३ प्रतिशत छुट्याई अंकति मूल्यमा शेयर माग गरिएको छ । मैले यहाँ यो प्रसंग दुर्गम नेपाललाई चिलिमे विरोध गर्नकै लागि अफ भनौं चिलिमेको शेयर प्राप्त गर्नका लागि मात्र गठन गरिएको भनेर बुझ्ने जमातलाई सही जवाफ दिने उद्देश्यले उठाइरहेको छु । दुर्गम नेपाल हरेक स्थानीय स्रोतमाथि स्थानीय अधिकारको सुनिश्चितताले मात्र नयाँ नेपाल निर्माण हुने कुरामा विश्वास राख्दछ । दुर्गम नेपालले नारानै लिएको छः 'स्थानीय स्रोतमा स्थानीय अधिकार-नयाँ नेपाल निर्माणको मूल आधार' ।

दुर्गम नेपालको माग र छलफलपछि तत्कालीन नेपाल धितोपत्र बोर्डका अध्यक्ष चिरन्जीवी नेपालको सदासयता र दुरदृष्टिले त्यस बखतका लागि ५% सुनिश्चित प्रायः भई नेपाल धितोपत्र बोर्ड नियमावली २०६५ को संशोधन पारित भई आयो । तर, विडम्बना चिलिमे र कालान्तरमा स्वयम धितोपत्र बोर्ड ले यसको पनि विपरीत अर्थ र फेरि गरीबमारा नीति अख्तियार गऱ्यो ।

चिलिमेबाट प्रत्यक्ष प्रभावित तीन गाविसलाई करिब ८ % (एकलाख ८० हजार कित्ता) शेयर उपलब्ध हुने गरी २०६३ मा भएका सम्झौतालाई २०६५ सालमा बनेको नियमावली अन्तर्गत परिभाषित गर्ने गम्भीर चाल रचियो । कहीं नभएको जात्रा हाँडी गाउँमा भनेभैं यहाँ पश्चातदर्शी कानुनको कुतर्क र बखेडा फिकी सहमतिअनुरूप भएको ८% लाई ५% मा झारी निमुखा जनतासँग गरिएको सम्झौतामा फेरि भुक्याइयो । नेपाल धितोपत्र बोर्डसँगको पटकपटक तथा अन्तिम पटक दुर्गम नेपालसँग भएको छलफलसमेत तीन गाविसलाई पुरानै सहमति अनुसार एक लाख ८० हजार कित्ता र थप २ % रसुवा जिल्लाका अन्य सामाजिक तथा सामुदायिक संरचनाहरूलाई उपलब्ध गराउने तथा हाल

दुर्गम नेपालले सम्मानित सर्वोच्च अदालतमा चढाएको निवेदनपत्र

श्री सर्वोच्च अदालतमा चढाएको
निबेदन पत्र

विषय : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गरिपाउँ ।

रिट निवेदक

रसुवा जिल्ला, धुन्चे गा.वि.स. वडा नं. ५ मा रहेको "दुर्गम नेपाल" (Remote Nepal) नामक गैरसरकारी संस्थाका तर्फबाट ऐ. का अध्यक्ष, रसुवा जिल्ला, लहरे गा.वि.स. वडा नं २ बस्ने वर्ष ४६ का महेन्द्रराज आचार्य —१
ऐमा रहेको "दुर्गम नेपाल" (Remote Nepal) का तर्फबाट ऐ. का उपाध्यक्ष रसुवा जिल्ला स्याफ्रु गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ३७ का फुर्पा तामाङ—१
"दुर्गम नेपाल" (Remote Nepal) का तर्फबाट ऐ का सचिव रसुवा जिल्ला लहरेपौवा गा.वि.स. वडा नं. १ बस्ने वर्ष २३ का सुवास आचार्य —१

विरूद्ध/विपक्षी

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार, काठमाण्डौ —१
नेपाल सरकार जलश्रोत मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ———१
नेपाल धितोपत्र बोर्ड, काठमाण्डौ ——१
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ——१
जिल्ला विकास समिति, धुन्चे रसुवा ————१
सञ्चालक समिति नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ —१
सञ्चालक समिति चिलिमे जलविद्युत कम्पनी लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ—१
अध्यक्ष उत्तरकुमार श्रेष्ठ, चिलिमे जलविद्युत कम्पनी लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ —१
प्रबन्धक लिलानाथ भट्टराई, चिलिमे जलविद्युत कम्पनी लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ —१

हामी निवेदकहरू सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० बमोजिम निवेदन वापत् लाग्ने दस्तुरको रसिद यसैसाथ संलग्न गरी देहाय अनुसार निवेदन गर्दछौं :

१. "दुर्गम नेपाल" (Remote Nepal) ग्रामिण र दुर्गम जनसमुदायलाई लक्षित गरी तिनीहरूको जिवनस्तर अभिवृद्धि गर्ने कार्यमा समर्पित रही काम गर्दै आएको एक गैरसरकारी संस्था हो । विविधतायुक्त प्राकृतिक सम्पदाको संरक्षण र जगेर्ना गर्दै त्यसको समुचित उपयोगबाट ग्रामिण समुदायको आर्थिक, शैक्षिक एवम् सामाजिक सुधार गरी मुलुकको दिगो विकासमा योगदान पुऱ्याउने उद्देश्यले यो संस्था रसुवा जिल्लामा स्थापित भै क्रियाशित रहदै आएको छ । मुलुकको पहिलो नमुना जलविद्युतको रूपमा रहेको चिलिमे जलविद्युत कम्पनीले रसुवा जिल्लाकै प्राकृतिक स्रोत, साधनको उपयोग गरेको हुनाले सो जलविद्युत कम्पनीले पार्ने प्रभाव सार्वजनिक सराकारको विषय हुने कुरामा विवाद छैन् । चिलिमे जलविद्युत कम्पनीले रसुवा जिल्लाको प्राकृतिक स्रोत सम्पदाको उपयोग गरी सार्वजनिक हक, हित र सरोकारको कार्यमा प्रभाव पारेको हुँदा सो कार्यमा यस संस्थाको गम्भिर सरोकार रहन्छ ।

२. रसुवा जिल्लाको साङ्जेन हिमालबाट बग्ने चिलिमे खोला गोल्फुङ, चिलिमे गाउँ हुँदै स्याफ्रुवेसीमा मिसिएको छ । सो खोला चिलिमे, स्याफ्रु र गोल्फुङ गा.वि.स. हुँदै बगेको छ । त्यस भेगका रैथाने, आदिवासी तामाङ जनजाती लगायतका जनताहरूले सो खोलाबाट कृषि पेशा सञ्चालन गर्दै आएका छन् । रसुवा जिल्लामा चिलिमे खोला प्राकृतिक स्रोतको दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । तत्कालीन श्री ५ को सरकारले चिलिमे जलविद्युत परियोजना स्वीकृत गरी सो खोलामा २०५३ साल देखि निर्माण कार्य शुरू गऱ्यो । रसुवावासीले जलविद्युत परियोजनाबाट जनताको हक हितमा

प्रतिकूल असर पार्ने कुरा बारम्बार अनुरोध गरेका थिए । रसुवाबासीको आवाजको वेवास्ता गरी नेपाल सरकार र चिलिमे जलविद्युत कम्पनी समेतले २२.५६ मेघावाट क्षमताको विद्युत उत्पादन गरी केन्द्रिय प्रशारण लाईनमा प्रवाह गरेको अवस्था छ ।

३. स्थानीय जनताको स्वास्थ्य, वातावरण तथा आर्थिक पक्षमा प्रत्यक्ष असर पार्ने चिलिमे खोलाको पानीलाई चिलिमे खोलामा ड्याम बनाई गोल्भुङ्ग गा.वि.स.को जमिन मुनिबाट सुरूङ निर्माण गरी स्याप्रुबेसीमा विद्युत उत्पादन गृह बनाई आयोजना सञ्चालन गरिएको छ । विकास निर्माणका कार्य सम्बन्धित क्षेत्रका जनताको स्वास्थ्य, वातावरण, सामाजिक तथा आर्थिक स्थिती, जैविक विविधतालाई ख्यालमा राखेर जनताको हक, हितलाई प्रतिकूल असर नहुने ढंगले परियोजनाहरु सञ्चालन गर्नुपर्दछ । तर, उक्त परियोजना रसुवा जिल्लाका जनताको हक, हितमा ध्यान दिई सञ्चालन गरिएको छैन् । रसुवा जिल्लाका जनताको उत्थानको लागि विकासका हरेक क्रियाकलापमा स्थानीयवासीको स्वामित्व सहितको सहभागितामूलक साझेदारी अनिवार्य हुनुपर्दछ । स्थानियवासीले प्रत्यक्ष रूपमा विकासको प्रतिफल पाउन नसक्ने हो भने विकासको कुनै अर्थ रहँदैन् । परियोजनाको सुनिश्चित भविष्यका लागि स्थानीयवासीमा अपनत्वको भावना जागृत हुनुपर्दछ । आफ्नै घर आँगनको मूल पानीको उपयोगबाट प्राप्त हुने नाफा नोक्सानको हिस्सा त्यहीका स्थानीयवासीलाई दिईनुबाट वञ्चित गराईनु कुनै पनि दृष्ट्रिकोणले न्यायोचित हुँदैन् । परियोजनाको तत्कालिन र दिर्घकालिन प्रभावको बारेमा कुनै चाँसो देखाईएको छैन् । विपक्षी जि.वि.स. समेतले परियोजनाले प्रभाव पार्ने जनहितको विषयमा चाँसो देखाएको छैन् । हिउँद याममा चिलिमे खोलाको पानी विद्युत गृहमा लैजाँदा जनताको कृषि पेशामाथीको संकट, सुख्खापनको कारणले सीमसारको मुहान सुक्ने, सुरूङ्ग क्षेत्रको पुरै रूख, विरूवा नष्ट हुँदै जाने, फलस्वरूप जङ्गल नै विनास हुनजाने अवस्था देखा परेको कारण त्यस भेगका जनताहरूको जिवनयापन अत्यन्त कष्टपूर्ण हुनपुगेको छ । यस्तो अवस्थामा पनि नेपाल सरकार र परियोजनाले सार्वजनिक हितको वेवास्ता गरेको छ ।

४. यसैबिच, जनताको हक, हित र सरोकारको विषयलाई लिएर मिति २०६३/०९/३० मा चिलिमे जलविद्युत कम्पनी र उपभोक्ता सरोकार समिति बीच संयुक्त वैठक बसेको थियो । सो वैठकले सर्वसाधारणलाई छुट्याइएको २४% शेयर मध्येबाट ८% (करिब १,८०,००० कित्ता) शेयर प्रभावित क्षेत्रका जनतालाई दिने निर्णय गरी सहमति भएको थियो । सहमति र समझदारी कार्यान्वयन नै नगरी सर्वसाधारणलाई छुट्याइएको भनिएको २४% शेयरको सम्बन्धमा चिलिमे जलविद्युत कम्पनी लिमिटेडले शेयर आह्वान गर्ने निर्णय गरी विपक्षी मध्येको नेपाल धितोपत्र बोर्डसँग स्वीकृति प्राप्त गरी मिति २०६६/०२/२३ को कान्तिपुर राष्ट्रिय दैनिकमा शेयर दरखास्तपत्र आह्वान गरेको थियो । आयोजना प्रभावित चिलिमे, गोल्भुङ्ग र स्याप्रु गा.वि.स. का जनताहरूलाई जम्मा २३,०४,००० कित्ता साधारण शेयर मध्ये १,१५,२०० कित्ता शेयर ४६,०८० कित्ता शेयर रसुवा जिल्ला भित्रका कालिका सामुदायिक अस्पताल, सामुदायिक क्याम्पसहरु, सामुदायिक उच्च माध्यमिक विद्यालयहरु, गोसाईकुण्ड विकास समिति, गा.वि.स. र जि.वि.स. लाई र ५०० कित्ता शेयर पार्वती कुण्ड मा.वि. रसुवालाई छुट्याइएको भनी सो कान्तिपुर राष्ट्रिय दैनिकमा शेयर आह्वान पत्रको सूचना प्रकाशित गरिएको थियो । यसरी विपक्षी चिलिमे जलविद्युत लिमिटेडको शेयर निश्कासन गर्ने निर्णय र सो निर्णयलाई नेपाल धितोपत्र बोर्डले स्वीकृति दिने गरी गरेको निर्णय र कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना समेत् संविधान प्रदत्त सार्वजनिक हक, हित तथा सरोकार सम्बन्धी हकको प्रतिकूल छ ।

५. विपक्षीहरूबाट गरे/भएको उल्लिखित कामकारबाही एवम् निर्णय देहाय बमोजिम संविधान प्रदत्त सार्वजनिक हित तथा सरोकार र कानूनी प्रावधान विपरित छ

क) धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०६५ को नियम ७(१) मा कुनै पनि संगठित संस्थाले आफ्नो धितोपत्र एकपटकमा ५० जना भन्दा बढी व्यक्तिहरूलाई बिक्री वितरण गर्ने भएमा त्यस्तो धितोपत्र सार्वजनिक निश्कासन गरी बिक्री वितरण गर्नु पर्ने भन्ने व्यवस्था छ । धितोपत्र सार्वजनिक निश्कासन गरी बिक्री गर्ने भएमा सम्बन्धित संगठित संस्थाले



यस्तो पनि भएको थियो

१. सरकारी स्वामित्वको संस्था नेपाल विद्युत प्राधिकरणको लगानीमा स्थापना भएको चिलिमे जलविद्युत कम्पनी दर्ता गर्दा त्यहाँका केही हाकिमहरूले आफ्नो नाम पनि संस्थापकमा समावेश गरे । उनीहरूले प्रतिव्यक्ति दुई लाखका दरले २० हजार कित्ता शेयर ग्रहण गरे । आफू बहाल रहेको संस्थाको पूर्ण स्वामित्वमा खुल्न लागेको कम्पनीमा सोही संस्थाका बहालवाला कर्मचारी नै संस्थापक शेयर होल्डर भएको पहिलो घटना भयो चिलिमेमा ।

२. चिलिमेका केही हाकिमहरूले व्यक्तिगत लगानीमा कम्पनीको संस्थापक शेयर होल्डरको हैसियत पाएका छन् । फेरि उनीहरूले विद्युत प्राधिकरणका कर्मचारीको हैसियतमा चिलिमेको शेयर पनि पाइसके । अब केही दिनपछि साधारण शेयर पनि खुल्नेछ र उनीहरूले आम नागरिकको हैसियतमा साधारण शेयर पनि पाउने छन् । यसरी चिलिमेको सन्दर्भमा एउटै व्यक्तिले तीन किसिमको शेयरधनी हुने मौका पाउनेछन् । भएन त यो कही नभएको जात्रा हाँडीगाउँमा ।

३. धितोपत्र दर्ता तथा निष्काशन निर्देशिकाको दफा ९ को उपदफा (१) मा बोर्डबाट धितोपत्र निष्काशनको अनुमति प्राप्त गरेको दुई महिनाभित्र शेयर बिक्री खुल्ला गर्नुपर्ने प्रावधान छ । तर, चिलिमेको हकमा यो लागू भएको छैन । बोर्डले अनुमति दिएको एकवर्षपछि मात्र चिलिमेले शेयरमा प्रिमियम थपेर बेच्ने प्रस्ताव बोर्डमा पठाएको थियो । त्यसको एक वर्षपछि नयाँ नियमावली आएपछि मात्र बोर्डले प्रिमियममा शेयर बेच्ने अनुमति दियो ।

४. सामान्यतः साधारण शेयर आम नागरिक र कर्मचारीलाई एकैपटक बिक्री गरिन्छ । तर, चिलिमेले भने सो परम्परा मिच्दै साधारण

रसुवास्थित स्याफ्रुबेसीमा रहेको चिलिमे जलविद्युत कम्पनीको भूमिगत विद्युत गृहको प्रवेशद्वार ।

शेयरको मुख्य हकदार आम जनतालाई शेयर नबेची सोही समूहको मध्ये २५ प्रतिशत शेयर कर्मचारीलाई बेच्यो । त्यतिमात्र होइन कर्मचारीलाई शेयर किन्न भनेर सहुलियत ऋण पनि दियो । अहिले बजारमा कर्मचारीलाई बेचिएको त्यही २५ प्रतिशत शेयरको चलखेल जारी छ ।

५. शेयर बाँडफाँडसम्बन्धी निर्देशिका २०५१ को दफा १२ मा कुनैपनि कम्पनीका कर्मचारीले कर्मचारीको हैसियतमा पाएको शेयर कम्तीमा ३ वर्ष बिक्री गर्न नपाउने प्रावधान छ । तर, चिलिमेको हकमा त्यो लागू भएन । शेयर किनेको ६ महिनापछि नै सुचिकरण भई कारोबार सुरु भयो ।

६. सर्वसाधारणलाई बिक्री गरेपछि मात्र कुनैपनि कम्पनीको शेयर दोस्रो बजारमा सुचिकृत हुन्छ । तर, चिलिमे यो कुरामा पनि छुट पायो । स्टक एक्सचेन्जको आफ्नै नीति विपरीत कर्मचारीलाई मात्र बाँडिएको चिलिमेको शेयर सुचिकरण भई कारोबार समेत भयो । फलस्वरूप हाल बजारमा रहेको चिलिमेको शेयरका वास्तविक मालिक विद्युत प्राधिकरणका कर्मचारी होइन कि बजारका खेलाडीहरू भएका छन् ।

७. शेयर निष्कासनको अनुमति पाएपछि नयाँ शेयरधनीलाई सहभागी नगराई साधारणसभा गर्न मिल्दैन । धितोपत्र निष्काशन निर्देशिकाको दफा ९ को उपदफा १ मा रहेको सो प्रावधानको उल्लंघन गर्दै चिलिमेले आफ्ना कर्मचारीलाई मात्र सहभागी गराई साधारणसभा गऱ्यो । जसले यसअघि बोनस शेयर र लाभांश दिने निर्णय स्थगित गर्दै प्रतिशेयर ३० रूपैयाँ लाभांश मात्र दिने निर्णय गऱ्यो । बोर्डले रोकका कारण बोनस शेयर भने दिएन । सो बोनस शेयरपछि दिने मनशाय चिलिमेको छ । जस्ले आम लगानीकर्तालाई नभई उसका कर्मचारीलाई मात्र फाइदा पुग्छ । ■

आफ्नो जारी पूंजीको कम्तीमा ३०% शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको छ । विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेडले जारी पूंजीको ५१% नेपाल विद्युत प्राधिकरणलाई, २५% नेपाल विद्युत प्राधिकरणमा कार्यरत र सेवा निवृत्त कर्मचारीहरु तथा प्राधिकरणका सञ्चालक, पूर्व सञ्चालकहरु र चिलिमे जलविद्युत कम्पनीका कर्मचारीहरूलाई तथा २४% मात्र सर्वसाधारणलाई शेयर बिक्री गर्ने व्यवस्था भएको कुरा उल्लेख गरी चिलिमे जलविद्युत कम्पनी लिमिटेडले सर्वसाधारणलाई छुट्याईएको २४% शेयर बिक्री गर्ने प्रयोजनका लागि तयार गरिएको आफ्नो विवरणपत्र स्वीकृतिको निम्ति नेपाल धितोपत्र बोर्डमा पेश गरिएको थियो । सो आधारमा नेपाल धितोपत्र बोर्डले शेयर निश्कासनका लागि मिति २०६६/०२/०४ मा स्वीकृति प्रदान गऱ्यो । नेपाल धितोपत्र दर्ता तथा निश्कासन नियमावलीले जारी पूंजिको ३०% शेयर सर्वसाधारणलाई बिक्री गर्नको लागि छुट्याउनु पर्ने बाध्यकारी व्यवस्था गरेको अवस्थामा कानूनको गम्भिर उलङ्घन गरेर प्रत्यर्थी चिलिमे जलविद्युत कम्पनीको जारी पूंजीको २४% मात्र शेयर सर्वसाधारणलाई छुट्याउने र बिक्री गर्ने निर्णयलाई नेपाल धितोपत्र बोर्डले स्वीकृति दिने गरी गरेको निर्णय कानून विपरित छ ।

ख) धितोपत्र दर्ता तथा श्किासन नियमावली, २०६५ को नियम ७(५) मा सार्वजनिक निश्कासनद्वारा धितोपत्र निश्कासन गर्ने संगठित संस्थाले सर्वसाधारणलाई छुट्याइएको शेयर मध्ये ५% सम्म शेयर संस्थामा कार्यरत कर्मचारी तथा बढीमा ५% सम्म संस्थाको जलविद्युत रहेको क्षेत्रका बासिन्दाहरूको लागि छुट्याउन सक्ने कुरा उल्लेख छ । विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेडले जारी पूंजीको ३०% शेयर सर्वसाधारणको लागि छुट्याई सकेपछि सो शेयर मध्ये ५% चिलिमे जलविद्युत कम्पनीको कर्मचारीलाई छुट्याउनु पर्दछ । विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेडले आफ्नो संस्थाको कर्मचारी समेतलाई जारी पूंजीको २५% शेयर छुट्याएको छ । तर सर्वसाधारणहरूलाई छुट्याउनुपर्ने जारी पूंजीको ३०% शेयरमध्ये ५% मात्र संस्थाका कर्मचारीहरूलाई छुट्याउनु पर्ने कुराको गम्भिर रूपमा विपक्षीले उलङ्घन गरेको छ । सर्वसाधारणलाई छुट्याईएको ३०% शेयरमध्ये ५% जलविद्युत रहेको क्षेत्र रसुवा जिल्लाका वासिन्दाहरूलाई छुट्याउनु पर्दछ भन्ने कुरा स्पष्ट व्यवस्था गरिएको छ । रसुवा जिल्ला नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३(३)(क) बमोजिम एक निर्वाचन क्षेत्र तोकिएको छ । जस बमोजिम संविधानले नै रसुवा जिल्ला एक क्षेत्र भएको स्पष्ट व्यवस्था गरेको हुँदा विपक्षी चिलिमे जलविद्युत कम्पनीले जारी पूंजीको ३०% शेयर अनिवार्य रूपमा सर्वसाधारणको लागि छुट्याउनु पर्ने शेयरमध्ये ५% रसुवा जिल्लाका जिल्लाबासीहरूले पाउनुपर्ने कुरा कानूनतः स्पष्ट छ । सर्वसाधारणलाई छुट्याईएको शेयरमध्ये ८% शेयर रसुवा जिल्ला क्षेत्रभित्रका ३ गा.वि.स. चिलिमे स्याफ्रु र गोल्जुङ्गाका जनतालाई दिने भनी चिलिमे जलविद्युत उपभोक्ता सरोकार समिति र विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेडबीच भएको मिति २०६३/०९/३० को सम्झौता बमोजिम नै हुनुपर्दछ सो समझदारी पत्र बमोजिम कार्य गर्दा रसुवा जिल्लाका अन्य १५ गा.वि.स. लाई असर गर्ने होईन् । त्यस्तो समझदारी र सहमति पालना गर्दा धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०६५ को दफा ७(१) बमोजिम जारी पूंजीको ३०% शेयर सर्वसाधारणलाई छुट्याउनु पर्ने भन्ने व्यवस्था अनुसार ३०% शेयरमध्ये ८% प्रत्यक्ष प्रभावित ३ गा.वि.स. लाई सहमति र समझदारी बमोजिम शेयर दिनुपर्दछ । तबमात्र सहमति, समझदारी र कानूनको वास्तविक पालना भई सार्वजनिक हक, हितको प्रत्याभूत हुन्छ ।

ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) मा सबै नागरिक कानूनको दृष्ट्रिमा समान हुनेछन् । कानूनको समान संरक्षणबाट कसैलाई पनि वञ्चित गरिने छैन् भन्ने व्यवस्था गरिएको छ । विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेडले विद्युत प्राधिकरण तथा सो प्राधिकरणमा कार्यरत र सेवा निवृत कर्मचारीहरु, प्राधिकरणका सञ्चालक, पूर्व सञ्चालकहरु र चिलिमे जलविद्युत कम्पनीका कर्मचारीहरूलाई रू. १००/- अंकित मूल्यमा जारी पूंजिको ७६% शेयर २०६२ सालमा नै बिक्री गरिसकेको छ । बिक्री गर्न बाँकी सर्वसाधारणलाई छुट्याइएको भनिएको नियमावली विपरितको २४% शेयरको हकमा प्रति साधारण शेयर रू. १००/- अकित मूल्यमा रू. २२३/७० प्रिमियम थप गरी प्रति शेयर रू. ३२३/७० का दरले भुक्तानी गर्नु पर्ने भनी गरे/भएको चिलिमे जलविद्युत कम्पनी लिमिटेड र नेपाल धितोपत्र बोर्डको निर्णय समानताको हक विपरित भएको स्पष्ट छ । कम्पनीको ७६% शेयर लिने व्यक्तिले हालसम्म पटक–पटक मुनाफा लाभांस समेत् बुझिसकेका

छन् । समान उद्देश्यका लागि समान धारणा र समान परिवेशमा जन्मिएका ३ पक्षहरु मध्ये २ पक्षलाई प्रति शेयर रू. १००/- मा उपलब्ध गराईएकोमा तेस्रो पक्ष सर्वसाधारणलाई रू. २२३/७० थप गरी प्रति शेयर रू. ३२३/७० मा बिक्री गर्ने गरी भएको विपक्षीहरुको निर्णय समानताको मर्म र भावना विपरित छ । समान विषयमा असमान हुनेगरी भएको विपक्षीहरुको निर्णयले सार्वजनिक हित र सरोकारमा गम्भिर असर पुगेको छ ।

घ) अन्तराष्ट्रिय श्रम संगठनको आदीवासी/जनजातीहरुसँग सम्बन्धित महासन्धीको धारा १६९ ले आदीवासी जनजातीहरुको सम्बन्धमा प्रत्याभूत गरेको अधिकार तथा सुविधाहरु र त्यस अन्तर्गत राज्यले पुरा गर्नु पर्ने दायित्वहरु समेत प्रस्तुत रिट निवेदन सम्बन्धमा सान्दर्भिक भएको निवेदन गर्न चाहन्छौ ।

६. अतः चिलिमे जलविद्युत कम्पनी लिमिटेडले जारी पूंजीको २४% शेयर सर्वसाधारणलाई छुट्याउने गरी भएको निर्णय र सो निर्णयको आधारमा कम्पनीले शेयर निश्कासनको लागि नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रका आधारमा स्वीकृति दिएको धितोपत्र बोर्डको मिति २०६६/०२/०४ को निर्णय र सोका आधारमा चिलिमे जलविद्युत कम्पनी लिमिटेडले सर्वसाधारणलाई शेयर बिक्री गर्ने मिति २०६६/०२/२३ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०६५ को नियम ७(१),(५) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) विपरित भएकोले सो निर्णय र कान्तिपुर दैनिकमा प्रकाशित सूचना सार्वजनिक हित र सरोकार प्रतिकूल भएकोले उक्त निर्णय र सूचना उत्प्रेषणको आदेशले बदर घोषित गरिपाउँ । धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०६५ को नियम ७(१) बमोजिम जारी पूंजीको ३०% शेयर सर्वसाधारणको लागि छुट्याई चिलिमे जलविद्युत कम्पनी लिमिटेड र उपभोक्ता सरोकार समितिबीच भएको मिति २०६३/०९/३० को सम्झौता बमोजिम जल विद्युत आयोजनाबाट सर्वसाधारण जनताहरुलाई छुट्याईएको शेयर मध्येबाट ८% शेयर प्रत्यक्ष प्रभावित तीन गा.वि.स. क्रमशः चिलिमे, स्याफ्रु र गोल्जुङ्का जनताहरूलाई दिने गरी भएको संझौता बमोजिम गर्नु, सार्बजनिक हितलाई ध्यानमा राखि आयोजनाले प्रभाव पारेका स्थानका जनताहरूलाई प्राकृतिक सम्पदाको समुचित उपयोग गर्नदिनु र धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०६५ को नियम ७(५) बमोजिम आयोजनाले प्रभाव पार्ने क्षेत्र रसुवा जिल्लाबासीहरुलाई सर्वसाधारणको लागि छुट्याउनुपर्ने ऐ. नियमावलीको नियम ७(१) अनुसार ५% शेयर छुट्याई तथा समान परिवेशमा जन्मिएका ३ पक्ष मध्ये २ पक्षलाई रू. १००/- मा कम्पनिको शेयर बिक्री गरिसकेको हुँदा सोही बमोजिम तेस्रो पक्ष सर्वसाधारणलाई पनि प्रति शेयर रू. १००/- मा नियमावली बमोजिम छुट्याई शेयर निश्कासन गर्ने स्वीकृति दिई सर्वसाधारणका लागि शेयर बिक्री गर्ने दरखास्त आह्वान पत्रको सूचना गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ ।

७. विपक्षीहरुको निर्णयका आधारमा चिलिमे जलविद्युत कम्पनी लिमिटेडले मिति २०६६/०२/२३ मा सर्वसाधारणका लागि शेयर बिक्री गर्ने सूचना बमोजिम शेयर बिक्री वितरण गर्ने कार्य प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागुञ्जेलसम्म नगर्नु/नगराउनु भनी विपक्षी चिलिमे जलविद्युत कम्पनी लिमिटेड समेतका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ । प्रस्तुत मुद्दा सार्वजनिक सरोकारको विषय भएको हुँदा विषयवस्तुको गम्भिरताको आधारमा यो रिट निवेदनलाई अग्राधिकार समेत् दिलाई पाउँ ।

८. प्रस्तुत रिट निवेदन दर्ता गर्न हाम्रो तर्फबाट कानून व्यवसायी मुकरर गरेको छैन् । पछि हाम्रो तर्फबाट नियुक्त हुनुहुने कानून व्यवसायीहरुको बहस बुँदालाई यसै रिट निवेदनको अभिन्न अंग मानी पाउँ ।

९. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

रिट निवेदक
निज महेन्द्रराज आचार्य.........१
निज फुर्पा तामाङ १
निज सुवास आचार्य १
ईति सम्वत् २०६६ साल असार १० गते रोज् ५ शुभम् ....।

चिलिमेको शेयर निष्कासन प्रक्रिया धेरै अघि बढिसकेकाले जिल्लावासीका लागि थप २ % शेयर उपलब्ध गराउने र भविष्यमा चिलिमे कम्पनीबाट प्रस्तावित गरिएको योजनाहरूमा सम्पूर्ण रसुवावासीाई नै न्युनतम दस प्रतिशत शेयर (कुलपुँजीको) उपलब्ध गराउनेतर्फ वचनबद्धता प्रकट भएको थियो । दुर्गम नेपाल विकास विरोधी थिएन, छैन र कदापि हुँदैन पनि । त्यस बखतका लागि प्रभावित गाविसलाई १ लाख ८० हजार कित्ता र सामुदायिक संघ संस्थालाई २ % शेयरमा सम्झौता भएको थियो । यो समझौतामा अर्को

फेरि कुठाराघात हुने काम भयो, फेरि पनि नेपाल धितोपत्रबोर्ड, चिलिमे क.लि.ले जनतालाई धोका दिने काम गरे । २ % शेयरका हकमा जिल्लामा सर्वदलीय, बुद्धिजीवी, स्थानीय प्रशासन, संघसंस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गरी निर्णय हुनुपर्नेमा सहमतिविपरीत शेयर निष्कासन गर्दा दुर्गम नेपाल समेत लाई थाहा नै नदिई दुर्गम नेपालसँग पटकपटक भएको प्रतिबद्धतालाई बेवास्ता गर्दै एक्कासि प्रत्यक्ष प्रभावित तीन गाविसलाई एकलाख १५ हजार २ सय (५ %) र २ % को हकमा केही संस्थाको नामनै तोकेर शेयर आह्वान गरियो ।

यसरी बारम्बारको धोका तथा बेइमानीबाट थकित तीन गाविस चिलिमे जलविद्युत उपभोक्ता सरोकार समति र दुर्गम नेपाल अन्ततः कानुनको शरणमा जानु अर्थात न्यायका लागि सर्वोच्च अदालतमा हारगुहार गर्नुको कुनै विकल्प नै रहेन ।

अहिले भईरहेको चालबाजीः

अदालतको कठघरामा उभ्याउँदा पनि चिलिमे र शेयर बोर्डको चलखेल सकिएको छैन । हाल नयाँ नियमावलीमा नेपाल राज्यभरिका लागि जिल्लामा जाने योजनाहरूमा जिल्लावासीका लागि दस प्रतिशत शेयर प्रस्तावित गरी मन्त्रिपरिषदमा स्वीकृतिका लागि पठाइएको कुरा पत्रपत्रिकाहरूमा व्यापक आइरहेका छन् । यस सम्बन्धमा दुर्गम नेपाललाई नेपाल धितोपत्र बोर्ड लगायत कहिँ कतैबाट कुनै किसिमको परामर्श, जानकारी वा सूचना छैन । जनताका हकअधिकारका लागि संघर्षरत् संघसंस्था लगायतलाई कुनै जानकारी, विचार विमर्शबाट वान्छित गरी टाठाबाठा तथा पुँजीपति वर्गको मात्र हित चिन्तन हुने यस्ता नीति नियम कतिको प्रभावशाली हुन्छन् र तिनले योजना कार्यान्वयनमा कतिको योगदान पुऱ्याउँछ हेर्न बाँकी नै छ । जसका संघर्षका कारण नियमावली नै संशोधन गर्ने अवस्थामा पुग्नुपऱ्यो, त्यसैलाई नै बेखबर राख्ने ! के यसरी मेखमानी पाराले पनि नयाँ नेपाल बन्ला ? के यो 'जस्को बिहे, उस्लाईनै हेर्न न दे' भन्ने संस्कारको पुनराबृत्ति होईन ? यहाँ बुझ्नु पर्ने २०६३ मा गरिएको सहमतिलाई २०६५।६६ को पछिल्लो नियमावली तथा हाल प्रस्तावित नियमावली अन्तर्गत गर्न लागिएको व्याख्या जुन विषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा चालि निषेधाज्ञा जारी भइरहेको अवस्थामा गर्न खोजिएको व्याख्या के कानुनी हैसियतमा सही देखिन्छ ?

यस विषयमा अझ हालै राष्ट्रिय दैनिक कान्तिपुर, साप्ताहिक शेयर बजार लगायतका पत्रिकाहरूमा नेपाल धितोपत्र बोर्डले नियमावली संशोधन गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाएको र सोबाट चिलिमेको माग सम्बोधन हुने हुँदा मुद्दा फिर्ता हुने भनी मुद्दा नै नहालेका पक्षबाट भनाई उधृत गरी समाचार सम्प्रेषण गरिनु दुर्भाग्यपूर्ण, खेदजनक र अदालतमा विचाराधीन विषयलाई प्रभावित गर्न गरिएको गम्भीर षड्यन्त्र होईन, यो गरिएको छ, भएको छ । यस विषयमा 'दुर्गम नेपाललाई नयाँ नियमावलीतर्फ कुनै जानकारी, बहस, छलफल, विचार विमर्श भएको छैन र कहीँ कतै भएजस्तो पनि लाग्दैन । पटकपटक विभिन्न मञ्चहरूमा स्थानीयवासीहरू लाई स्थानीय स्रोतमाथिको अधिकार हुनुपर्ने माग बारम्बार आइरहेको छ । यस विषयमा दुर्गम नेपाल अदालतमा रहेको छ र दुर्गम नेपालले पनि मुद्दा फिर्ता लिने भन्ने आशयका गोएबल्श शैलिका समाचारका पछि नलाग्न हामी हाम्रा शुभचिन्तक हरूमा हार्दिक अनुरोध गर्दछौं ।

रसुवावासीलाई नै शेयर किन ?

चिलिमेको शेयर खरिद गर्नकै लागि भनेर पैसा होल्ड गरेर बसेकाहरू लाई एक्कासि बिक्री आह्वान भइसकेको शेयर अदालतको आदेशबाट रोकिनु अचम्म र दुःखद कुरा हो । यसमा हामीलाई पनि दुःख

लागेको छ । पैसा बोकेकाहरू लाई दुर्गम नेपलले आफूहरूमाथि अन्याय गरेको र देशमा माग राखेर हुने गरेका बन्द हड्ताल आदिलाई सँगै जोडेर हेर्ने गर्दछन् । वास्तवमा यो त्यस्तो होइन । यो लडाई हक, अधिकार, अपनत्वको र स्वाभिमानको हो । चिलिमेले रसुवाको स्रोत प्रयोग गरेको छ । चिलिमे नेपालको सम्पत्ति हो, सम्पदा हो, स्थानीयका हिसाबले रसुवाको प्रमुख सम्पत्ति हो । संघीय राज्य प्रणालीमा प्रवेश गरिसकेको मुलुकमा के स्थानीय स्रोतमाथि स्थानीय अधिकारको यो विधि वकालत गर्नु जायज ठहर्ला र । चिलिमेले देशैभरिका सर्वसाधारणलाई २४ प्रतिशत शेयर जारी गर्दा प्रभावितका हैसियतले सर्वसाधारणमा जारी गरिने मध्येबाट ३३ प्रतिशत आरक्षण गर भन्न खोजिएको हो । ३३ प्रतिशत माग मात्र हो यो आपसी समझदारमा थपघट हुन पनि सक्दछ । अझ सित्तैमा देऊ पनि त भनेको होइन अरूले जतिमा किन्छन् रसुवाली त्यतिनै तिर्न तयार छन् । धान फल्ने खेतमा चिलिमेका टावर ठडिएका छन् । हिजो बाख्रा चर्ने पाखामा आज चिलिमेका नहर कुदेका छन् ।

के यी हिसाबले रसुवाली प्रभावित होइन । हामीले प्रभावितका हैसियतले चिलिमेले सर्वसाधारणलाई बिक्री गर्ने शेयरको केहि अंश उही मूल्यमा रसुवा जिल्लावासीलाई सुरक्षित गरिदेऊ भन्न खोजेका हौं । के झापाका रामबहादुरले किनेको शेयर रसुवाको रामप्रसादले किन्नु, आरक्षित गरिनु जायज होइन र ? चिलिमेले त बेच्ने हो, उसलाई त पैसा आई नै हाल्छ । चाहे झापाको, बाजुराको, महाकालीका वा रसुवाको श्यामबहादुर र हर्कले शेयर खरिद गरोस् , कसैले सित्तैमा शेयर मागेको त होइन । हाम्रो भनाई रसुवाको रामप्रसाद, श्याम, सुन्तली र हर्कलाई शेयर आरक्षित गरिँदा योजनामा उनीहरूको पनि लगानी हुन्छ र यो योजना मेरो पनि हो भन्ने अपनत्वको भावना विकसित भई योजनाको भविष्य अझ उज्ज्वल हुन्छ । चिलिमेले निर्माण गर्ने अन्य योजना पनि निर्माण गर्न सरल सहज वातावरण सिर्जना हुन जान्छ । कानुनकै बखेडा गर्ने हो भने त नेपालको कुन कानुनमा राजतन्त्र खारेजीको कुरा उल्लेख थियो । समयले कानुनलाई त पाखा लगाईदियो । नेपाल गणतन्त्रमा प्रवेश गरेको यति ठूलो नजिर

रसुवास्थित नाम्चेमा रहेको ओढारमा बस्ने विवश परिवार

हुँदाहुँदै देशको भविष्य कोर्ने नीति निर्माताका तहमा बसेकाहरूबाट कुतर्क हुनु जायज हो र ।

भनिन्छ, शत्रुभन्दा छिमेकी बढी खतरा हुन्छ । दुर्गम नेपाललाई पनि चिलिमे त्यस्तै नै भएको छ । र, अन्तिममा भन्नै मन लागेको एउटा प्रसङ्ग राजनीतिकर्मीहरू दुर्गम नेपाललाई एउटा गैससमात्र देख्छन् र भन्छन् पनि यस्ले भनेका कुरा हामीले मान्नु के जरूरत छ र ?। हो दुर्गम नेपाल एक गैसस हो । यहाँ मैले नबुझेको कुरा सार्वजनिक सरोकारको यो मुद्दामा दुर्गम नेपालका तर्फबाट महेन्द्र राज आचार्य, फुर्पा तामाङ र म निवेदक छु र वारेसनामा मेरो नाममा छ । २३ वर्षको कलिलो उमेरमा उच्च शिक्षाको लागि राजधानी छिरेको म सर्वोच्च अदालतमा तारेख धाउँछु । रसुवाको हित चिन्तन र विकास गर्ने रसुवाली जनताको वारेस राजनीतिक दल र नेताले पाएका हुन् कि दुर्गम नेपालले पाएको हो । म नेताहरूलाई प्रश्न गर्न चाहन्छु ।

(लेखक, दुर्गम नेपाल (Remote Nepal), रसुवाका संस्थापक/वर्तमान सचिव हुनुहन्छ । यस विषयमा अन्य विस्तृत जानकारी लागि www.remotenepal.org मा हेर्न सक्नुहुन्छ । सुझावका लागि remotenepal@yahoo.com)

मूल्य रू. २५.००

HOME LAND MAGAZINE

वर्ष १, अंक ४, फागुन, २०६६

होम ल्याण्ड

राष्ट्रिय मासिक

कता जाँदैछ काठमाडौंको रियल स्टेट

पानीको जोहो

बल्खु किनारमा अवस्थित सुकुम्बासीका बालबालिका बाग्मती खोलाको पानी उघाउँदै ।

भिजन र नेतृत्वको अभाव

राजधानीको सहरीकरणले दुर्दशा सिवाय केही निम्ताउँदैन । यहाँ भिजन र नेतृत्वकै अभाव रह्यो ।

होम ल्याण्ड
HOMELAND NATIONAL MAGAZINE
Regd. No.: 45/066/67
वर्ष १ अंक ४ माघ-फागुन

प्रकाशक : मधुकुमार श्रेष्ठ
प्रधान सम्पादक : प्रकाश अधिकारी
सम्पादन मण्डल : सुवास आचार्य/प्रवीण पोखरेल
व्यवस्थापन : कृपा श्रेष्ठ/भाष्कर श्रेष्ठ
संवाददाता : तीजा भुसाल
फोटोग्राफी : प्रकाश तिमल्सिना
कानुनी सल्लाहकार : निर्भयराज पौडेल
ग्राफिक्स : सुकदेव राई
मुद्रण : खड्ग प्रेस, सामाखुसी, फो: ४३८४७८३

सम्पर्क :
होम ल्याण्ड मासिक
पोष्ट बक्स नं. ८९७५ इपिसी ५७०५
सानेपा, ललितपुर
फोन नं. : ०१-५५५१००२

रियल स्टेटमा भूमि हदबन्दी नाजायज

सुचना र सञ्चारको जगतमा आएको अकल्पनीय परिवर्तन सँगसँगै नेपालमा पछिल्लो समय 'रियल स्टेट' व्यवसाय फस्टाइरहेको छ । बढ्दो रेमिटेन्स र पश्चिमेली संस्कृतिको प्रभावका कारण नेपालमा रियल स्टेट व्यवसायले एउटा स्थापित व्यवसायको रूप ग्रहण गर्दै गरेको बखत सरकारी क्षेत्रबाट एकपछि अर्को गर्दै आक्रमण हुने क्रम रोकिएको छैन । सहरीकरण नेपालको चुनौती र आवश्यकता दुवै बनेको छ । जो कोही सहरमा नै बस्न चाहन्छन् । सहर मोहको आकर्षण घटाउन सरकारले अध्ययन अनुसन्धानमार्फत् दीर्घकालीन नीति तर्जुमा र उचित कार्यान्वयनको जरूरत देखिन्छ । सहर दुवैको रहर भए तापनि व्यवस्थित नहुँदा यो धेरैको लागि 'कहर' साबित भएको छ ।

राजनीतिक अस्थिरता र संक्रमणकालीन समयका कारण पनि नेपालमा सरकारी तवरबाट खासै दीर्घकालीन सोचका साथ धेरै काम हुन सकिरहेका छैनन् । नीतिमा सबैका लागि आवास भनेपनि व्यवहारमा त्यो हुन सकिरहेको छैन । राजधानीमा एउटै घरमा दसौं परिवार भाडामा कोचिएर बस्न विवश छन् । सुकुम्बासीको समस्या उस्तै छ । यस परिवेशमा नेपालमा रियल स्टेटको क्षेत्रमा निजी क्षेत्रबाट भएका पहलहरू प्रशंसायोग्य छ । निजी क्षेत्र भनेकै व्यापारिक दृष्टि हुनु स्वभाविक हो तर रियल स्टेटमा नेपालमा प्राइभेट क्षेत्रबाट भएको प्रयास अनुकरणीय हुँदाहुँदै पनि सरकारले उचित वातावरण निर्माण गर्नुको साटो अल्मल्याउने काम मात्र गरेको छ ।

बैंकिङ्ग क्षेत्रबाट घरजग्गा व्यवसायमा २५ प्रतिशतभन्दा बढी कर्जा दिन नपाउने हदबन्दी तोकेको महिना दिन बित्न नपाउँदै भूमि सुधारको बखेडा भिक्दै सरकार घर जग्गा व्यवसायीलाई जग्गाको हकबन्दी तोक्दैछ । बिक्री प्रयोजनार्थ निर्माणका लागि किनिएका जग्गामा पनि हदबन्दी तोकिनु जायज हुन सक्दैन । सरकारले गर्नुपर्ने घरजग्गाको व्यवस्थित निर्माण र सहरीकरणको काम, यसमा सरकार आफ्नो जिम्मेवारीबाट पन्छिरहेको छ भने निजी क्षेत्रबाट भएको पहललाई सहयोग र प्रोत्साहन गर्नु पर्नेमा झन् ढाँड सेक्ने काम हुनु दुःखद छ । यसले व्यवस्थित सहरीकणको सरकारले बनाएको दीर्घकालीन नीति नै ओझेलमा पर्छ । घरजग्गा व्यवसायी, सरकार, सरोकारवाला अन्य पक्ष एकै थलोमा बसेर समयमै समाधान खोज्नुले सबैको हित गर्छ । ■